New York State
Nail Salon Industry
Enforcement
Task Force

**न्यूयोर्क राज्य श्रम विभाग**
**न्यूयोर्क राज्य स्वास्थ्य विभाग**
**न्यूयोर्क राज्य कामदार क्षतिपूर्ति बोर्ड**

**न्यूयोर्क राज्यको राज्य विभाग**
**न्यूयोर्क राज्य कर निर्धारण तथा वित्त विभाग**

जुलाई 1, 2015

आदरणीय नङ सैलुन व्यवसायी:

मे 2015 मा, गभर्नर एन्ड्रियु एम. क्युमोले न्यूयोर्क राज्यमा नङ सैलुन उद्योगलाई सुधार गर्न बहु-आयामी प्रयासको घोषणा गर्नुभयो। यो सुधारले गैरकानूनी कार्य प्रणाली र असुरक्षित काम गर्ने अवस्थाहरूलाई संशोधित तथा निवारण गर्नेछ।

गभर्नर क्युमोले सुधारहरू लागू गर्न श्रम विभाग, राज्य विभाग, स्वास्थ्य विभाग, कर निर्धारण तथा वित्त र कामदार क्षतिपूर्ति बोर्डबाट प्रतिनिधिहरूको कार्य दल एकत्रित गर्नुभयो। कामदारहरू, व्यवसायहरू र नागरिकलाई शिक्षित गर्न नागरिक पहुँच अभियान पनि हुनेछ।

http://on.ny.gov/NailSalonWBR मा थप जानकारी साथै सैलुन कामदारहरूको तथ्य पाना प्राप्त गर्नुहोस्।

## सैलुनहरू र कामदार अधिकार पत्रको लागि नयाँ नियमनहरू

राज्यले कामदारहरूको सुरक्षा गर्न नङ सैलुनहरूको लागि नयाँ नियमहरू प्रयोगमा ल्याएको छ। नयाँ नियमहरूमा निम्न समावेश छन्:

- **नङ सैलुन कामदारहरूको अधिकार पत्र** नङ सैलुनहरूले कामदारहरूको अधिकार पत्रलाई सबै रोजगारदाता र नागरिकले देख्ने स्थानमा राख्नुपर्छ। यो पोस्टरले कामदारहरूलाई कानूनी ज्यालाहरू र सुरक्षित वातावरणमा काम गर्ने उनीहरूको अधिकारलाई सूचित गर्दछ। त्यहाँ नि:शुल्क हटलाइन नम्बर पनि सूचित हुन्छ जहाँ कामदारहरूले प्रश्नहरू सोध्न र उजुरीहरू दायर गर्न फोन गर्न सक्छन्। पोस्टरको समीक्षा गर्न http://on.ny.gov/NailSalonWBR मा हेर्नुहोस्।

- **व्यक्तिगत रक्षात्मक उपकरण:** मालिकहरूले कामदारहरूलाई बिना शुल्क रेस्पिरेटर मास्क, नाइट्राइल पञ्जाहरू र आँखा सुरक्षा प्रदान गर्नुपर्छ। सबै नङ सैलुन कामदारहरूको निम्नमा पहुँच हुनुपर्छ र निम्न लगाउन सक्छन्:
  - चम्काउदा, नङहरू फाइल गर्दा वा एक्रिलिक पाउडरको प्रयोग गर्दा रेस्पिरेटर मास्कहरू।
  - सम्भावित हानिकारक रसायनहरू वा रद्दीलाई बोक्दा, सरसफाई गरेको दौरान वा ग्राहकको छाला टुक्रिन सक्ने कार्यविधिहरू गर्दा पञ्जाहरू।
  - सम्भावित खतरनाक रसायनहरू खन्याउदा वा स्थानान्तरण गर्दा र नङ स्याहार सेवाहरूमा प्रयोग गरिने सम्भावित खतरनाक रसायनहरू तयार गर्दा आँखा सुरक्षा।

- **ऋणपत्र तथा बिमा आवश्यकताहरू:** यदि नङ सैलुन कुनैपनि अदृश्य ज्यालाहरूको ऋणी हुन्छ भने त्योसँग तपाईंलाई भुक्तान गर्ने माध्यम छ भनी यसले निश्चित गर्दछ।

- **रसायनिक तत्वको स्वास्थ्य समीक्षा:** राज्यले नङ सैलुनहरूमा प्रयोग गरिएका रसायनहरूको सम्भावित स्वास्थ्य प्रभावहरूको वैज्ञानिक जानकारीको समीक्षा गर्नेछ। तपाईं र तपाईंको ग्राहकहरूलाई सुरक्षित गर्न आवश्यक थप केही छ वा छैन भनी निर्णय गर्न यो समीक्षको प्रयोग गरिनेछ।

- **भेन्टिलेसन आवश्यकताहरू:** सैलुनहरू र कार्य स्थानहरूमा उपयुक्त रूपमा हावा प्रवाह हुन्छ भनी निश्चित गर्न राज्यले हालैमा नयाँ आवश्यकताहरूको विकास गर्दैछ। एकपटक राज्यले यी आवश्यकताहरूलाई अन्तिम रूप दिएपछि तपाईंले थप जानकारी प्राप्त गर्नुहुनेछ।

## संशोधित इजाजतपत्र प्रक्रिया तथा नि:शुल्क तालिम

नङ सैलुन कामदारहरूलाई मद्दत गर्न, निम्न परिवर्तनहरू गरिदै छन्:

- **नङ प्रशिक्षार्थी इजाजतपत्र:** राज्य विभागले इजाजतपत्र भएको नङ विशेषज्ञ बन्नको लागि सैलुनमा शुल्कको लागि नङ सेवाहरू प्रदान गर्न चाहने व्यक्तिहरूको लागि नङ प्रशिक्षार्थी इजाजतपत्र कार्यक्रमको विकास गर्दैछ। यो कार्यक्रमले इजाजतपत्र नभएका व्यक्तिहरूलाई उनीहरूको नङ विशेषज्ञ इजाजतपत्र नपाएसम्म उनीहरूलाई आफ्नो रोजगार कायम गर्न अनुमति दिन्छ।

- **इजाजतपत्र परीक्षाहरू धेरै भाषाहरूमा प्रदान गरिन्छ:** राज्य विभागले नेपाली, तिब्बती र भियतनामीमा इजाजतपत्र परीक्षाहरू प्रदान गर्न सुरू गर्नेछ। हालैमा परीक्षाहरू अंग्रेजी, स्पेनी, कोरियन, जापानी, रूसी तथा चिनियाँ भाषामा दिइन्छ।

- **इजाजतपत्र आवेदन स्पष्ट गरियो:** इजाजतपत्र प्राप्त गर्नको लागि कानूनी रूपमा आवश्यक भएका वा नभएलाई चिन्हांकित गर्न इजाजतपत्र आवेदनलाई परिवर्तन गरिनेछ।

- **नि:शुल्क अंग्रेजी कक्षाहरू:** न्यूयोर्क शहर क्षेत्र समावेश गर्न नयाँ अमेरिकीहरू अंग्रेजी भाषा कक्षाहरूको कार्यालयलाई विस्तार गरिनेछ।

- **नि:शुल्क अध्ययन सामग्रीहरू:** कामदारहरूलाई पाठ्यक्रम सिक्न र परीक्षाहरूको लागि अध्ययन गर्नको लागि मद्दत गर्न यी कागजातहरूलाई राज्य विभागको वेबसाइटमा पोस्ट गरिनेछ र समुदाय केन्द्रहरूमार्फत वितरण गरिनेछ।

नङ सैलुन कामदारहरूले इजाजतपत्र प्राप्त गर्ने र राज्य विभागको नियमनहरू भेट्ने तरीकाको बारेमा सिक्न www.dos.ny.gov/licensing/nails/nails.html मा हेर्नुहोस्।

## सूचित रहनुहोस् र दुरूपयोगको बारेमा उजुरी गर्नुहोस्

यदि तपाईं वा तपाईंले चिनेको कोही व्यक्तिलाई उपयुक्त ज्यालाहरू प्रदान गरिएको छैन वा कार्यस्थानमा सुरक्षा वा काम गर्ने अवस्थाहरूको बारेमा चिन्ताहरूको लागि, कृपया **कार्य दल हटलाइनलाई (888) 469-7365** मा फोन गर्नुहोस्।

न्यूयोर्कले असुरक्षित काम गर्ने अवस्थाहरूलाई रोक्न के गर्दैछ भन्ने बारेमा थप सिक्नको लागि www.ny.gov/NailSalonSafety मा हेर्नुहोस्।

यस विषयमा तपाईंको अत्यन्त महत्वपूर्ण ध्यान लागि धन्यवाद।

**न्यूयोर्क राज्य नङ सैलुन उद्योग प्रवर्तन कार्य दल**
www.ny.gov/NailSalonSafety
(888) 469-7365